आमाछोदिङ्मो गाउँपालिका अध्यक्ष श्री बुचुङ तामाङले

१४ औँ गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८०।८१ को बार्षिक

# नीति तथा कार्यक्रम

आमाछोदिङ्मो गाउँपालिका

गोल्जुङवेसी, रसुवा

२०८० असार ८

**गाउँपालिका उपाध्यक्ष ज्यू,**

**गाँउसभाका सदस्य ज्यूहरु,**

नेपालको संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकार सञ्चालन गर्न **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार समृद्ध आमाछोदिङमो निर्माणको मूल आधार"** भन्ने नारालाई हृदयमा राख्दै गाँउपालिकामा विद्यमान रहेका विविध स्रोतहरुको उच्चतम परिचालन गर्नका लागि हामी आमाछोदिङमो गाँउपालिकाको **चौधौं** गाँउ सभामा उपस्थित भएका छौं । आमाछोदिङमो गाँउपालिकाको दोस्रो कार्यकालको तेस्रो गाउँसभामा आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित छु । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि आफ्नो प्राणको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**सभाका सदस्य ज्यूहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम पेश गर्दछु**

आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८०, चालु योजना, दीगो विकास लक्ष्य, गाँउपालिका भित्र रहेका विभिन्न विषयगत समिति, राजश्व परामर्श समिति, वडा कार्यसमिति, कार्यपालिका सदस्य तथा गाँउसभा सदस्य ज्यूहरुको सुझाव, स्थानिय स्तरमा क्रियाशिल विभिन्न राजनितिक दल, संघ/ संस्था, कर्मचारी तथा यस आमाछोदिङमो गाँउपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरुबाट प्राप्त रचनात्मक सुझाव, माग तथा आवश्यकतालाई विशेष ध्यान दिएको छु ।

**क. कृषि तथा पशुपालन**

- व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषक समूह, सहकारी तथा कृषि फर्महरुलाई प्रोत्साहन दिन कार्यविधि बनाई अनुदान उपलब्ध गराइनेछ ।
- **किसानको ध्यान कृषि प्राविधिकको ज्ञान** कार्यक्रम मार्फत कृषकहरुको अनुभव र गाउँपालिका कृषिशाखाको प्राविधिक जनशक्तिको सहयोगमा स्थानीय स्तरमै बिउ उत्पादन गरी बिउ माथिको परनिर्भरता हटाउने कार्यको थालनी गरिनेछ ।
- स्थानीय प्रजातीका तरकारीबालीहरु अन्तरगत स्थानीय साग, जङ्गली च्याउ, सिस्नो, कुरिलो, धँनिया लगायतका तरकारी बालीहरुको खेती गरी बजारीकरण गर्ने कृषकहरुलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ ।
- जडिबुटीहरुको खेती गर्ने कृषक कृषि फर्म कृषक समूहहरुलाई प्रोत्साहन तथा अनुदान उपलब्ध गराइनेछ
- गाँउपालिकाका रैथाने बालिहरु कालो मुसुरोको दाल, रातो चामल, सिमी र आलुको उत्पादनमा वृद्धि, भण्डारण र बजारिकरणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण गरी आयमुलक तथा सम्मानित पेशाकोरुपमा विकास गरी युवाहरुलाई कृषि तथा पशुपालन व्यवसायमा आर्षिकत गर्ने नीति अबलम्बन गरिनेछ ।

- कृषकहरुको सीप, क्षमता र दक्षता वृद्धि गर्न तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कृषि पकेट क्षेत्रको विकास गर्दै लगिनेछ ।
- पशुनश्ल सुधार, गोठ सुधार तथा पशु स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- परम्परागत व्यवसायिक भेडा बाख्रा तथा चौंरी गोठालाहरुको लागि प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि उत्पादनको उचित भण्डारण गर्नको लागि रस्टिक स्टोर निर्माणका लागि संघिय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुले पालन गरेको पशुहरुलाई समयमै विभिन्न रोग विरुद्धको खोप अभियानकै रुपमा सञ्चालन गरिनेछ ।
- माटोको उर्वराशक्ती कायम राख्नको लागि रासायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक तथा जैविक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- माटो परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषी सम्बन्धी सञ्चालन हुने तालिमहरुमा वितरण गरिने सामग्री सतप्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।
- सहकारी मार्फत लगानी प्राप्ती, उत्पादन वृद्धि र बजारीकरण गरी रोजगारी सृजना गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख. शिक्षा युवा तथा खेलकुद**

- **बालमैत्री विद्यालय प्रविधि मैत्री कक्षाकोठा** निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।
- आत्मरिनर्भरताका लागि **विद्यालयमा सिकाईसँगै उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वियनका लागि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि निशुल्क पोशाकको व्यवस्था गरिनेछ ।
- डिजिटल प्रविधिको प्रयोग गरि विद्यालय निरीक्षण गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ ।
- गाउँपालिका भित्रका जलविद्युत आयोजनाहरुसँग समन्वय गरि सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा अध्यापन गराउने कार्यको थालनी गरिनेछ ।
- सिकाईमा हौसला र पुरस्कारको नीतिलाई अवलम्बन गरीनेछ ।
- सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रमले तोकेका विषयवस्तुको अध्यापन गराउन आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराइनेछ ।
- न्यून सिकाई उपलब्धि भएका विषयहरुमा अतिरिक्त कक्षा सञ्चालनको लागि आवश्यक प्रबन्ध गरिनेछ

- महिला शिक्षकहरुको सुत्केरी विदा, विरामीको कारण एक महिना भन्दा लामो अवधि सम्म पठनपाठन गर्न असमर्थ भई विरामी विदा लिएका शिक्षक कर्मचारीहरुको कारण हुने शैक्षिक क्षतिलाई कम गर्न करारमा सट्टा शिक्षकको व्यवस्था गरिनेछ।
- सबै विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल र स्काउट ट्रुपहरु स्थापना गरी शैक्षिक वातावरणलाई थप सुदृढ बनाइनेछ।
- विपदको कारण नियमित विद्यालयहरु नियमित सञ्चालन हुन नसक्ने अवस्थामा बैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गरि शैक्षिक क्षतिलाई न्यूनिकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- माध्यमिक शिक्षा तथा उच्च शिक्षा अध्ययन गर्ने गरीब, जेहेन्दार विद्यार्थीको लागि गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम लागु गरिनेछ।
- सामुदायिक सिकाइकेन्द्रहरुलाई व्यवस्थित तथा प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।
- एक वडा एक खेलमैदान निर्माण गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ साथै खेलकुद क्षेत्रको विकासका लागि गाँउपालिका स्तरिय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ।
- विद्यालयहरुमा तेक्वाण्डो कराँते प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन गरि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विकास र विस्तार गरिनेछ।

**ग. स्वास्थ्य**

- एम्बुलेन्स सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- मुटु, मृगौला, क्यान्सर लगायत नेपाल सरकारले तोकेका ८ वटा रोगहरु तथा दम, रक्तचाप, मधुमेह लागेका दीर्घ रोगिहरुको लागि आर्थिक सहायता उपलब्ध गराइनेछ।
- नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकबाट दीर्घ रोगी भएको पुष्टि भएका विरामीहरुको स्वास्थ्य विमा गाउँपालिकाबाट गरिनेछ।
- स्वास्थ्य चौकीबाट निशुल्क रुपमा पाइने औषधिको संख्या र प्रकारलाई निरन्तरता दिदै वितरण प्रणालीलाई सुदृढ र प्रभावकारी बनाइनेछ।
- **उपाध्यक्षसँग सुत्केरी महिला कार्यक्रम** अन्तरगत स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई न्यानो झोलुङगो (छाडबु) उपहार दिइनेछ।
- स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता विकास गर्न आवश्यक कार्यक्रमका साथै गाँउपालिकाबाट उपलब्ध गराउँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिइनेछ।
- खोपकेन्द्र र गाँउघर क्लिनिकमा दिइने सेवालाई आवश्यकता अनुसार विकास र विस्तार गर्दै लगिनेछ।
- गाउँपालिकामा स्थापना भएको ल्याव सुविधालाई घुम्ती शिविर मार्फत टोल टोलमा सेवा पुऱ्याइनेछ।
- किशोरीहरुलाई विद्यालयमा निशुल्क सेनिटरी प्याड वितरण गरिनेछ। एक विद्यालय एक नर्स कार्यक्रमको विस्तारका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ।

- गर्भवति महिलाहरुको स्वास्थ्य परीक्षणको लागि  अल्ट्रा साउण्ड सुविधा सहितको गर्भवति स्वास्थ्य परीक्षण घुम्ती शिविरको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गर्भवति महिला, नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विशेषज्ञ सहितको दन्त सेवा कार्यक्रम सञ्चालनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- गाउँपालिका भित्र स्थायी बसोबास गर्ने स्थानीय तथा कर्मचारीहरुको लागि स्वास्थ्य उपचारको क्रममा अत्यावश्यक पर्ने रगत गाउँपालिकाबाट रेडक्रससँगको सहकार्यमा निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- Uterus Prolaps भएका महिलाहरुको उपचारको लागि निशुल्क एम्बुलेन्स सेवा तथा शल्यक्रियाको लागि आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- आयुर्वेद सेवाको लागि घुम्ति शिविर तथा विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आत्महत्या न्यूनिकरणका लागि मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै वर्थिङ सेन्टरमा वेटिङ होमको व्यवस्थाको व्यवस्था गरिनेछ ।

**घ.  उद्योग बाणिज्य तथा आय आर्जन र रोजगारी**

- साना तथा घरेलु उद्योगको विकास र विस्तारमा जोड दिइनेछ ।  युवा लघु उद्यमीहरुलाई सीप विकास तालिम लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- हस्तकला तथा स्थानीय प्रविधिको प्रयोग गरी निर्मित सामग्रीको प्रचार प्रसार उपयोग तथा उपभोगमा वृद्धि गर्नका लागि स्थानीय हस्तकला सामग्री संकलनको लागि साझा सुविधा केन्द्रको स्थापना गरिनेछ ।
- आयआर्जन र रोजगारी वृद्धिका लागि लागत साझेदारीमा हुने गरी मागमा आधारित सीपमुलक तालिम, उत्पादन प्रवर्धन, क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बजार अनुगमनकार्यलाई नियमित गरी थप प्रभावकारी बनाइनेछ ।

**ङ.  पर्यटन विकास सम्बन्धी नीतिहरु**

- तामाङ सम्पदा मार्गको व्यापक प्रचारप्रसार गरि आन्तरिक तथा बाह्य पर्यटनको वृद्धि गरि नागरिकहरुको आयआर्जनमा वृद्धि गर्नका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ
- गाँउपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, पुरातात्विक पर्यटकीय स्थलहरुको प्रचारप्रसार एवं संरक्षण तथा सम्वर्धनमा जोड दिइनेछ ।
- होमस्टे व्यवसायलाई गाँउपालिकाको प्रमुख व्यवसायको रुपमा महत्व दिइनेछ । होम स्टेमा बस्न आउने पाहुनाहरुको लागि स्थानीय खानाहरुको परिकार बनाउन आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ ।
- **साङ्जेन खास प्राकृतिक ओडार व्यवस्थित बास** कार्यक्रम मार्फत साङ्जेन भ्याली घुम्न जाने पर्यटकहरुको लागि सुरक्षित प्राकृतिक बासस्थानहरुको निर्माण गरिनेछ ।

## च. आन्तरिक आय र राजश्व सम्बन्धी नीतिहरु

- राजश्व सम्बन्धी अध्ययन तथा अवलोकन गरी राजश्व वृद्धि र व्यवस्थापनमा जोड दिइनेछ।
- व्यवसाय दर्ताको लागि वस्ति तथा बजार क्षेत्रमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ।
- थप आय आर्जन हुने क्षेत्र तथा स्रोतको पहिचान गरि गाउँपालिकाको आन्तरिक आय वृद्धि गरिनेछ।
- विभिन्न आयोजनाबाट प्रयोग गरिएका प्राकृतिक स्रोत र नदीजन्य पदार्थको नियमानुसार कर उठाइनेछ। जलविद्युत आयोजनाहरुले ढुङ्गा गिटी बालुवाको प्रयोग गरेवापत बुझाउदै आएका राजस्वहरुलाई थप व्यवस्थित गरिनेछ।

## छ. सामाजिक सुरक्षा तथा लैंगिक समावेशीकरण

- आर्थिक अभावका कारण उपचार गर्न नसक्ने गरीब तथा विपन्न नागरिकलाई गाउँपालिकाबाट आर्थिक सहयोग प्रदान गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत अनिवार्य उपलब्ध गराउनु पर्ने व्यवस्थाबाट दुर्गम स्थानका जेष्ठ नागरिकलाई परेको असुविधालाई मध्य नजर राख्दै बैंकिङ पहुँचबाट टाढा रहेका वडाहरुमा बैंकिङ पहुँच पुऱ्याउन भत्ता वितरणको लागि सम्झौता भएको बैंङ्कसँग आवश्यक समन्वय गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति, बाबु आमा नभएका बालबालिका, एकल महिला, अति विपन्न परिवारका महिलाहरुको आर्थिक विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- जातिय भेदभाव छुवाछुत प्रथा तथा अन्य सामाजिक कुरितिहरु हटाउन सामाजिक व्यवहार सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित, जनजाती र महिलाहरुको जीवनस्तर सुधारका लागि लक्षित वर्ग आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बालबिवाह र लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक विकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ।
- वेरोजगारहरुको तथ्याङ्क संकलन गरी रोजगारीको वातावरण सृजना गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बेसाहारा बालबालिका, जेष्ठ नागरिक आश्रय केन्द्र, जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक प्रबन्ध गरिनेछ।
- टोल टोलमा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरिनेछ।
- बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रबन्ध गरिनेछ।

## ज. खानेपानी तथा सरसफाई

- शुद्ध खानेपानीको व्यवस्थाको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

- गाउँपालिका अन्तरगतका पाँच वटै वडाको सम्पूर्ण घरहरुमा एक घर एक धाराको व्यवस्थाका लागि सरकारी तथा गैरसरकारी संघ संस्था तथा आयोजनाहरुसँग लागत साझेदारीमा कार्यक्रम गरिनेछ ।
- वस्तिहरुमा निर्माण भइसकेका नालि तथा ढलको आवश्यक मर्मत सम्भार गर्नुका साथै ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।
- सरसफाईलाई निरन्तर अभियानका रुपमा लैजान **जनताका लागि जनप्रतिनिधि सेवा दिनका लागि सेवक कार्यक्रम** अन्तरगत गाउँपालिका भित्रका सबै जनप्रतिनिधि, कर्मचारी र शिक्षकले महिनामा एक पटक आफु बसोबास गर्ने क्षेत्रमा सरसफाई कार्यक्रम राखि अनिवार्य सरसफाई कार्यक्रममा सहभागीता जनाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।
- एक वस्ति एक फोहोर डिस्पोजल सेन्टर निर्माण गर्न आवश्यक समन्वय गरिनेछ । प्रत्येक वडाको सबै भन्दा सफा वस्ति बनाउन पहल गर्ने आमासमूहहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सबै सामुदायिक विद्यालय तथा बस्तिहरुमा पानी वितरण हुने मुख्य खानेपानीका मुहानहरुमा खानेपानीको शुद्धता परीक्षण गरिनेछ ।

**झ. श्रम तथा रोजगार**

- वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरुसँग भएको सीपलाई उच्चतम उपयोग गर्दै गाँउमै रोजगारि सृजना गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ ।
- स्वरोजगार सृजना गरि बेरोजगार युवालाई रोजगारी दिने संघ, संस्था, फर्म वा व्यक्तिलाई गाँउपालिका स्तरिय सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।

**गाँउसभाका सदस्य ज्युहरु,**

अब म पुर्वाधार विकाससँग सम्बन्धित नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**ञ. पुर्वाधार विकास ( सडक, पूल, सिंचाई, भवन, नाली तथा ढल, सञ्चार )**

- नविनतम् इन्जिनियरीङ सामग्रीको व्यवस्था गरी गुणस्तरिय पूर्वाधार निर्माणको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका स्तरिय गौरवका योजनाहरु छनौट गरी बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरिय गौरवका सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सडक सञ्चालन हुने व्यवस्था मिलाउन जलविद्युत आयोजनाहरु, प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- जलविद्युत आयोजनाहरुले प्रभावित क्षेत्रमा गर्नु पर्ने सामाजिक उत्तरदायित्वको कार्यहरुलाई व्यवस्थित गरिनेछ ।
- गाँउपालिका भित्रका मुख्य बजार क्षेत्रको सडक ढलान गर्ने कार्य निरन्तरता दिइनेछ ।
- ट्र्याक खुलेका कृषि सडकको स्तरोन्ती गरी कृषकहरुले गरेका कृषि उत्पादनलाई बजार सम्म पुर्‍याउन सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग साझेदारिमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैकल्पिक उर्जाको विकास तथा प्रयोग गर्ने नीति लिइनेछ ।

- पुर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारीलाई प्रोत्साहित गर्दै लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- साना सिंचाई तथा नालि निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**ट. वन, वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण संरक्षणका निम्ति प्लाष्टिक झोलाको प्रयोग निरुत्साहित गर्न स्थानीय स्तरमा पाइने चोयाबाट बन्ने बास्केट, सल्लाको पातबाट बन्ने ढक्कीहरुको बनाउने सीप मूलका तालिम प्रदान गरी प्रयोग गर्न प्रेरित गरिनेछ ।
- दीगो विकासको लक्ष्य अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण, जल उत्पन्न प्रकोप नियन्त्रण, जलबायु परिवर्तन अनुकुलित वातावरण संरक्षण र समायोजन तथा फोहोरमैला व्यवस्थापनमा जोड दिइनेछ ।
- विपद व्यवस्थापनको पूर्व तयारीका लागि आवश्यक संरचना, सामग्री, जनशक्ति र आर्थिक कोषहरुको व्यवस्था गरिनेछ ।
- वस्ति संरक्षणका लागि वृक्षारोपण तथा आवश्यक अन्य कार्यक्रम सञ्चालन गरिनेछ ।
- वन जङ्गलमा आगलागी हुन नदिन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । वन जङ्गलमा आगलागि गराउन संलग्नहुनेहरुको पहिचानको लागि सुराकी दिने व्यक्तिहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ

**ठ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- गाँउपालिकाले सम्पादन गरेका कार्यहरु र निर्णयहरु पारदर्शी बनाउन वेवसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिदैं विद्युतिय शासनको अवधारणा अवलम्वन गरिनेछ ।
- सबै जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरुलाई गाउँपालिका भित्र हुने बैठक सभा सम्मेलन तथा कार्यक्रमहरुको सूचना सम्प्रेषणकोलागि Bulk SMS मार्फत सूचना प्रदान गर्ने व्यवस्था मिलाइएको छ यसलाई थप फराकिलो र व्यवस्थित बनाउदै लगिनेछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा उच्चगतिको इन्टरनेट सेवाको व्यवस्था गरिनेछ । गाँउपालिकाका मुख्य अभिलेखहरुलाई सफ्टवेयरमा राख्ने व्यवस्था मिलाइनेछ ।
- गाँउपालिका तथा गाँउपालिका भित्र रहेका सबै कार्यालय संघ संस्था तथा विद्यालयहरुले गरेका कामहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणका कार्यक्रमहरु अनिवार्य गर्नुपर्ने नीति लिइनेछ ।
- गाँउपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरु स्थानिय राजपत्रमा प्रकाशित गरि गाँउपालिकाको एकिकृत कानुनि संगालो प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका अन्तरगतका कर्मचारीको मनोबल अभिवृद्धिका लागि कर्मचारी प्रोत्साहन कार्यक्रम ल्याइनेछ

**सदस्य ज्यूहरु,**

यि नीति तथा कार्यक्रम लागु गरी कार्यान्वयन गर्नका लागि भ्रष्टाचारमा शुन्य सहनसीलता अपनाइनेछ । नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकार, सम्बन्धित मन्त्रालय विभाग र कार्यालयहरुसँग समन्वय र सहकार्य गरीनेछ ।  अन्त्यमा गाँउपालिकाको समग्र आर्थिक – सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजिवी, सञ्चारकर्मी तथा सम्पुर्ण गाँउवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**